झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२/८३

बैठक: गाउँ कार्यपालिका

अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: १०/०८२/०८३

मिति :२०८२/११/१४

स्थान: झि.गा.पा. सभाहल

समय : बिहानको: ८:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | प्रित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | धुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

## अन्य उपस्थिति/आमन्त्रित

| | | |
|---|---|---|
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | अरविन्द महत | स. लेखा अधिकृत |
| | दामोदर उपाध्या | का.स. |

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/१०/२७ गते बसेको आ.व. २०८२/८३ को नवौं बैठकबाट संघीय समपुरक र विषेशतर्फको आयोजना छनोट गरिएकोमा आ.व. २०८३/८४ को लागि नियमानुसारको प्रक्रिया पुरा गरी राष्ट्रिय योजना आयोगमा माग गरिएको, आ.व. २०८३/८४ को लागि सडक वोर्ड, नेपालमा माग गर्ने आयोजना छनोट गरिएकोमा नियमानुसार सडक वोर्ड, नेपालमा योजना माग गरिएको, सम्झौता हुन बाँकी रहेका आयोजनाहरु फागुन १० गतेसम्म अन्तिम पटकको लागि सम्झौता गर्ने म्याद थप गरिएकोमा उक्त मितिसम्म जम्मा २९१ वटा योजनाहरु सम्झौता भएको, २ नं. वडा कार्यालय भवन निर्माण कार्यको लागि स्रोतको सुनिश्चितता गरी बहुवर्षिय ठेक्का लगाउने निर्णय भएकोमा नियमानुसार ठेक्का लगाईएको, राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम कार्यान्वयनको लागि वडा स्तरबाट आयोजना माग गरिएकोमा हालसम्म १ र ३ वडाबाट मात्र प्राप्त भएको, विभिन्न योजना तथा कार्यक्रमहरुमा स्रोतको सुनिश्चितता गरिएकोमा कार्यान्वयनको प्रक्रियामा रहेको, मदन भण्डारी राजमार्गको निर्माणको क्रममा भएको क्षतिको विवरण वडाहरुबाट माग गरिएकोमा हालसम्म १ नं. वडाबाट प्राप्त भएको, करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने निर्णय भएकोमा कार्यान्वयनको प्रक्रिया अगाडि वढेको, वडा कार्यालयबाट खानेपानी, सिंचाई र विद्युतिकरण सम्वन्धी आयोजनाहरुको विवरण माग गरिएकोमा हालसम्म कुनै वडाबाट प्राप्त नभएको, बहुक्षेत्रीय पोषण योजनाको कार्यक्रम स्वीकृत गरिएकोमा कार्यक्रम कार्यान्वयनको चरणमा रहेको, विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएकोमा सो को प्रक्रियामा रहेको, राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम कार्यान्वयनका लागि स्थानीय कार्यक्रम कार्यान्वयन समितिलाई पूर्णता दिन सिटिजन्स् बैंक ईन्टरनेशनल लिमिटेड, मच्छी शाखा प्रमुखलाई मनोनयन गरिएकोमा उक्त बैंकमा जानकारी पत्र पठाईएको लगायतका विषयमा समिक्षा गरियो।

**प्रस्ताव नं २ बतासेडाँडा -मच्छी सडक खण्डमा पर्ने एच.टि र एल.टि लाईनको स्थानान्तरण सम्वन्धमा।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ६ र ५ मा रहेको वतासेडाँडादेखि मच्छीसम्मको सडक खण्डमा गत आ.व.देखि गाउँपालिकाको बजेटबाट ठेक्का लगाई कालोपत्रे गर्ने गरी कार्य अगाडि बढि रहेको अवस्थामा सो सडकखण्डको दायाँ र बायाँ रहेका एच.टि. र एल.टि. लाईनका पोलतारहरु स्थानान्तरण र पुनर्व्यवस्थापन गर्ने गरी विद्युत प्राधिकरण प्युठानको कार्यायबाट खटि आएको प्राविधिकले मिति २०८२/५/८ मा सर्भे स्टमेट गरी स्थलगत प्रतिवेदन समेत पेस गरी सकेकोले स्थानान्तरण गर्नको लागि लाग्ने कुल लागतको १५ प्रतिशत गाउँपालिकाले व्यहोर्नु पर्ने कानुनी व्यवस्था भएको हुँदा रु ५,४०,०००। अक्षरेपि पाँचलाख चालिस हजार रुपैंया स्रोतको सुनिश्चितता गरी उल्लिखित स्थानका पोलतारहरु स्थानान्तरको लागि प्रक्रिया अगाडि बढाउन विद्युत प्राविधकरण प्युठानलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.३ झिमरुक रिङ्गरोडको गुरुयोजना सम्बन्धमा।**

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको गौरबको आयोजना झिमरुक रिङ्गरोडको गुरुयोजना (Master Plan) वनाउनु पर्ने भएको हुँदा आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत आयोजनाको पूर्व विस्तृत सर्भेक्षण DPR/परामर्श शीर्षकमा विनियोजन गरिएको रकमबाट नियमानुसार झिमरुक रिङ्गरोडको गुरुयोजना (Master Plan) निर्माण कार्यको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ४ सडक वत्ती मर्मत तथा विस्तार सम्वन्धमा।**

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिकाको ८ वटै वडामा जडान भएका सोलर सडक वत्तीहरु मर्मत गर्नु पर्ने भएको हुँदा सोलारसँग सम्वन्धित प्राविधिक कर्मचारीहरु खटाई लागत अनुमान तयार गरी चालु वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सडक वत्ती जडान शीर्षकमा विनियोजन गरिएको रु ८ लाख वजेट रकमबाट सवै सोलार वत्तीहरु मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्याघुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रस्ताव नं. ५ विविध सम्बन्धमा ।

विविध (क) सार्वजनिक विदा दिने सम्वन्धमा ।

निर्णय नं. ५ (क)

**प्रस्ताव नं. ५** विविध (क) माथि छलफल गर्दा मिति २०८२/११/१५ गते ४४ औं मगर दिवसको अवसमा झिमरुक गाउँपालिकाका मगरसमुदायहरुले विविध कार्यक्रम गरी मनाउने भएको हुँदा उक्त दिनको लागि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक विदा दिने र सो जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**विविध (ख) कुभिण्डे लिफ्ट खानेपानी निर्माण सम्बन्धमा ।**

निर्णय नं. (ख)

प्रस्ताव नं ५ विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ६ मा रहेको कुभिण्डे वस्तीको लागि कुभिण्डे लिफ्ट खानेपानी निर्माण शीर्षकमा चालु आ.व. २०८२/८३ मा रु ६ लाख रकम विनियोजन भएकोमा उक्त खानेपानीको निर्माण कार्य अगाडि वढेको हुँदा सो रकमबाट योजनामा हुने निर्माण कार्यको फरफारक पश्चात के कति काम बाँकी रहन्छ प्राविधिक लागत अनुमान तयार गरी स्रोतको सुनिश्चितता गरी बाँकी निर्माणको काम अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग) आर्थिक सहयोग सम्वन्धमा ।**

निर्णय नं. (ग)

प्रस्ताव नं ५ विविध (ग) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिबाट आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकवाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरिया

तपसिल

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-३,निवासी टेका कुमारी पोखेलले आर्थिक सहायता सम्वन्धी पेस गरेको निवेदन अनुसार | निवेदकको श्रीमान प्रेमलाल पोडेलको कुमको समस्याका कारण अस्पतालमा उपचाररत रहेकोले थप उपचार खर्चको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

**विविध (घ) योजनाको रकम रकमान्तर सम्बन्धमा ।**

निर्णय नं. ( घ )

**प्रस्ताव नं. ५** विविध (घ) माथि छलफल गर्दा आ.व. २०८२/८३ मा वडा नं. ५ को तपसिल वमोजिमको योजना स्वीकृत भएको विविध कारणले कार्यान्वयन हुन नसकेको हुँदा देहाय वमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त योजनाहरुकोहकमा मिति २०८२ साल फागुन मसान्तभित्र सम्झौता गर्ने गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो

| रकम रकमान्तर हुने आयोजना / कार्यक्रमहरुको विवरण | | | | |
|---|---|---|---|---|
| साविक योजनाको नाम | वडा नं | रकम | संशोधित आयोजना/ कार्यक्रमको नाम | रकम रु |
| ढाँड रक गार्डेन भित्र व्यायमशाला निर्माण | ५ | ४,००,०००। | चुधाराफेदी चिचिन्डे मोटरबोटो मर्मत | २,४०,०००। |
| | | | फड्के सिचाई कुलो मर्मत | ८०,०००। |
| | | | ढाँड फिल्ड निर्माण | ८०,०००। |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

२०८२/११/१४

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner